राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानबर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २७, अङ्क– ३३, चैत ११ गते शुक्रबार, २०७८ (25 March, 2022) | www.janajibro.com | मूल्य रू. १०।-

# ‘बैशाखी टेकेर विजेता बन्ने आशा पालेका छैनौं’

## स्थानीय चुनावबाट पहिलो शक्ति बन्ने माओवादी केन्द्रको दावी

■ जनजिब्रो संवाददाता



**काठमाडौं ।** स्थानीय तहको चुनावको मिति घोषणा भएसँगै नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)ले देशव्यापी रूपमा पार्टी सङ्गठनलाई चलाएमान बनाउँदै लगेको छ। स्थानीयस्तरमा चुनावी सरगर्मी बढेसँगै कास्कीको पोखरामा पुगेको पूर्वप्रधानमन्त्री समेत रेहेका पार्टीका अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले आफ्नो पार्टी गठबन्धनको आड-भरोसामा होइन आफ्नै सङ्गठनको बलबुता र एजेन्डाका कारण आसन्न स्थानीय निर्वाचनमा पहिलो शक्ति बन्ने धारणा व्यक्त गरेका छन् ।

प्रेस सेन्टर गण्डकी प्रदेश समितिद्वारा कास्कीको पोखरामा आयोजित पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै अध्यक्ष प्रचण्डले गठबन्धनको वैशाखी टेकेर जितौंला भन्ने आशा नर्गन र सोहीअनुसार चुनाव केन्द्रित हुन पार्टीपंक्तिलाई निर्देशन दिए। आफ्नै संगठनको शक्ति र मुद्दाका आधारमा माओवादीले निर्वाचन लड्ने तयारी गरेको स्पष्ट पार्दै अध्यक्ष प्रचण्डले माओवादीप्रति देशव्यापी जनउभार बढ्दै गएको बताए।

‘देशव्यापी माओवादीप्रति सकारात्मक जनमत बढ्दै गएको छ, कार्यक्रममा उभार देखिएको छ। केही समयपछि अन्य पार्टीहरू माओवादीसँग तालमेलका लागि आउने परिस्थिति आउँदैछ अरु पार्टीसँग जाने होइन। माओवादी पहिलो शक्ति बन्ने सम्भावना देखिएको छ’ उनको भनाइ थियो।

केही दिनअघि एक कार्यक्रममा आफूले राजनीतिक र सैद्धान्तिक रूपमा एमालेसँग गठबन्धन हुन्छ भने पनि तत्कालका लागि त्यस्तो सम्भावना नरहेको उल्लेख गर्दै उनले आगामी वैशाख ३० गतेका लागि तोकिएको स्थानीय तहको निर्वाचन निर्धारित मितिमै हुने र निर्वाचनका बारेमा कुनै पनि दुविधा नरहेको धारणा व्यक्त गरे। ‘कतिपय वृत्तमा अझै पनि निर्वाचन के हुन्छ भन्ने छ तर

क्रमशः अन्तिम पृष्ठमा

# जनयुद्धका घाइतेका समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण



**काठमाडौं ।** नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहालले जनयुद्धका घाइते र अपाङ्गता भएका व्यक्तिको उचित स्वास्थ्योपचारको व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराएका छन् । पूर्वप्रधानमन्त्री समेत रहेका अध्यक्ष दाहालले प्रधानमन्त्री शेरबहादुर देउवालाई सरकारी निवास बालुवाटारमै भेटेर जनयुद्धका घाइते तथा अपाङ्गता भएका योद्धाहरूका समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराएका हुन् । सोही क्रममा अध्यक्ष दाहालले जनयुद्धमा घाइते भई अपाङ्गता भएका व्यक्तिका स्थितिअनुसार प्रतिशत निर्धारण तथा पुनरावलोकन कार्यविधि-२०७४ लाई संशोधन र उनीहरुका लगत संकलन कार्यदलमा सूचीकृत हुन छुटेका व्यक्तिलाई सूचीकृत गर्न आग्रह समेत गरेका थिए ।

जनयुद्धका क्रममा घाइते भई अपाङ्गता भएका व्यक्तिलाई सुविधासहित गणतान्त्रिक सेनानीको परिचयपत्र र सम्मानपत्र दिन, जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलन, जनजाति आन्दोलनलगायत

क्रमशः अन्तिम पृष्ठमा

## युरिक एसिडको बाथ

# पहिचान, रोकथाम र उपचार



समय-सन्देश

डा. केशवराज सिग्देल

युरिक एसिड भनेको शरीरमा उत्पादन हुने एक किसिमको विकार-तत्त्व हो। दिनहुँ सेवन गर्ने खाद्य पदार्थ पाचन हुने प्रक्रियामा शरीरका कोषिकाहरू परिवर्तित हुन्छन् । त्यसै क्रममा कोषिकाहरूमा रहेको न्युक्लिक एसिड निष्क्रिय भएर डीएनए/आरएनएबाट युरिक एसिड बन्दछ। यसरी उत्पादन भएको युरिक एसिडलाई मिर्गौलाको सहयोगमा शरीरले पिसाबमार्फत विर्सजन गर्ने गर्दछ। यसरी युरिक एसिड बन्ने र विसर्जित हुने प्रक्रियाको सन्तुलन बिग्रन गएमा रगतमा युरिक एसिडको मात्रा बढ्दछ।

युरिक एसिड शरीरका जोर्नीहरू (मूलतः बुढीऔंलाको जोर्नी, गोलीगाँठो, घुँडा र पछि गएर शरीरका मझौला तथा साना जोर्नीहरू समेत) मा क्रिस्टलका रूपमा जम्मा भएर गम्भीर सुजन हुने तथा रातो हुने अवस्थालाई नै युरिक एसिडको बाथ भनिन्छ। यसलाई अङ्ग्रेजीमा गाउट या गाउटी अर्थ्रिटिक्स भनिन्छ।

वयस्कको शरीरमा प्रतिसय मिलिलिटर रगतमा पुरुषको हकमा ७ एमजी र महिलाको हकमा ६.२ एमजीसम्म युरिक एसिडको मात्रालाई सामान्य नै मानिन्छ। महिनावारी नरोकिउन्जेलसम्म महिलाहरूमा भने युरिक एसिडको बाथ हुने सम्भावना न्यून नै हुन्छ।

युरिक एसिडको बाथ भइसकेको र पटक-पटक (वर्षमा २-३ पटक) जोर्नीको सुजन हुने र दुख्ने गरेकाहरूको हकमा भने युरिक एसिडको यही लेभललाई पनि धेरै मानिन्छ। यो अवस्थामा उपचार गरी युरिएक एसिडको मात्रा आधाजति घटाएर सामान्य लेभलमा पुऱ्याउनु पर्दछ।

युरिक एसिडको बाथ नभएको मानिसमा युरिक एसिडको मात्रा जचाँउदा बढी देखिए तापनि

क्रमशःदोस्रो पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फइको मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- २७, अङ्क- ३३, चैत ११ गते शुक्रबार, २०७८

**सम्पादकीय**

# चुनाव र पैसाको बाढी : मुहानै धमिलिँदा केको सुशासन ?

नेपालमा आसन्न नयाँ वर्ष- २०७९ चुनावी वर्षका रूपमा आउँदै छ। यही वर्ष स्थानीय तह, प्रदेशसभा र प्रतिनिधिसभाका गरी तीनै तहका निर्वाचन सम्पन्न हुँदैछन्। नयाँ वर्षको सुरुआतसँगै वैशाख ३० मा स्थानीय तहको चुनाव घोषणा गरी सोहीअनुरूप तयारी अघि बढिरहेको छ।

यथार्थतः निर्वाचन भन्ने कुरा जनताका निम्ति उत्साह, उमंग र हर्षको विषय बन्नुपर्ने हो। चुनावबाटै जनताले आफ्ना प्रतिनिधि चयन गर्ने र तिनै प्रतिनिधिहरूले मुलुकमा शान्ति, अमनचयन, सुशासन र विकास निर्माणको जनाकाङ्क्षा पूरा गर्नुपर्ने सैद्धान्तिक मान्यता हो। तर, इतिहासदेखि हालसम्म नै हामीकहाँ त्यस्तो हुने गरेको छैन। नेपालका चुनावहरू जनताकै किनबेच गर्ने, जनअभिमत पाएको स्वाङ पार्ने र उनै जनतामाथि शोषण-दोहन, अन्याय-अत्याचार र दमन थोपर्ने माध्यम र साधन बन्दै आएका छन्। अझ चुनावका बहानामा हुने अपारदर्शी र अवैध आर्थिक व्यभिचार, यसका माध्यमबाट हुने ठगी, लूट र कालोबजारी तथा अन्ततः पैदा गर्ने महँगी, बेरोजगारी र भ्रष्टाचार जनताका निम्ति सबैभन्दा भयानक हुने गरेको छ।

आमनागरिक शिक्षित, सुसूचित र सक्रिय भइसकेको अहिलेको अवस्थामा चुनावी आर्थिक अत्याचार रोक्न सक्ने पर्याप्त आधारहरू छन्। तर, राजनीतिक विभाजन, भ्रष्ट राजनीतिक एवम् प्रशासनिक संयन्त्र र चौतर्फी दूराचारका कारण 'तैं चुप, मै चुप' को अवस्था रहँदै आएको छ। आर्थिक दूराचार रोक्न नसक्दासम्म एकातिर चुनाव नै स्वच्छ र निष्पक्ष हुन सक्दैन भने अर्कातिर चुनाव स्वयम् नै कहालीलाग्दो किसिमले महँगिँदाका सर्वाङ्गीण समस्याहरू आफ्नै ठाउँमा छँदैछन्। अतः चुनावी भ्रष्टाचार र आर्थिक व्यभिचारप्रति सम्बद्ध सबैले ध्यान पुऱ्याऔं !

## युरिक...

जोर्नीमा जमेर सुन्निने र दुख्ने गरेको छैन भने पनि यो अवस्थालाई युरिक एसिडको मात्रा बढी भएकै अवस्था मानिन्छ।

यो अवस्थामा खासै उपचार गर्नु पर्दैन; सन्तुलित खानपान मिलाएर, सूर्ति-चुरोटजस्ता अम्मलको सेवन हटाएर र शरीरमा बोसोको मात्रा नियन्त्रण गरेर युरिक एसिडको मात्रा घटाउन सकिन्छ।

क्रमिक रूपमा जाँच गर्दा पनि युरिक एसिडको मात्रा धेरै देखिएको तर जोर्नीको दुखाइ नभएको अवस्थामा पनि युरिक एसिडको मात्रा घटाउनै पर्ने तथ्य हालै गरिएको एक अनुसन्धानबाट समेत पुष्टि भएको छ।

रगतमा युरिक एसिडको मात्रा धेरै देखिए पिसाब बनाउने तन्तुमा समस्या हुन्छ र क्रमशः मुटुको समस्या उत्पन्न हुन सक्दछ।

पहिले नै किड्नीको समस्या भइसकेको छ र डायलासिस गरिएको छ भने युरिक एसिड घटाउने औषधि प्रयोग गर्नु पर्दछ।

*कुन उमेरमा देखिन्छ, लक्षणहरू के-के हुन् ?*

युरिक एसिडको बाथबाट संसारभर लाखौं मानिस पीडित छन्। तीमध्ये आधाजतिलाई त यो समस्याले पटक-पटक दुःख दिइरहेको पाइन्छ।

पश्चिमी देशहरूको तथ्याङ्कका आधारमा भन्नुपर्दा ३० वर्ष माथिका पुरुष र ५० वर्ष माथिका महिलाहरूलाई कुनै न कुनै बखत गाउटको समस्याले पिरोल्ने गरेको देखिन्छ।

युरिक एसिडको बाथ (गाउट) हुँदा धेरैजसोमा खुट्टाको बुढीऔंला, गोलीगाँठा र त्यस वरपरका जोर्नीमा टन्किएर दुख्ने तथा सुन्निने लक्षण देखा पर्दछन्।

रोग बढ्दै गएपछि घुँडा तथा हातका जोर्नीहरूमा समेत युरिक एसिडको मात्रा बढेर जम्न थाल्ने, बिग्रने तथा जोर्नी खिइने समस्या हुन थाल्छ।

*के खाादा र नखाादा बढ्छ युरिक एसिड ?*

लगातार रक्सी सेवन र बढी गुलियो खानाले पनि युरिक एसिड बढ्ने गरेको पाइन्छ। हाम्रो समाजमा युरिक एसिडको बाथबाट पीडितहरूले जहिल्यै पनि आफ्नै आहार-बिहार र खाना खाने तरिकालाई दोष दिने गरेको पाइन्छ। यद्यपि युरिक एसिडको बाथ हुनुमा आहार-बिहार तथा खानपानको भूमिका भने एक चौथाई मात्रै हुन्छ। अर्थात्, यो रोग उत्पन्न हुनुमा तीन चौथाईजति भूमिका त शरीर स्वयम्ले नै उत्पादन गर्ने युरिक एसिडको मात्रामा भर पर्दछ।

भनिन्छ कि प्रोटिनयुक्त आहार सेवन गर्नाले सय मिलिलिटर रगतमा बढीमा एक मिलिग्राम मात्र युरिक एसिडको मात्रा बढ्दछ।

युरिक एसिडजन्य प्रोटिनयुक्त खानाका बावजुद अन्य कारणले पनि शरीरमा युरिक एसिड उत्पादन भइरहेकै हुन्छ।

वंशाणुगत, मोटोपन, लामो अवधि भोको बस्ने बानी, मिर्गौला फेल (कार्यबिफलता), मिर्गौलाको पत्थरी, मुटुसम्बन्धी रोगहरू, मधुमेह आदिजस्ता कारणहरूले शरीरमा युरिक एसिडको उत्पादन बढाउँदछन्।

यसका अलावा कुनै प्रकारका दीर्घ रोगहरू र कुनै खास किसिमका औषधिहरूको प्रयोग (उच्च रक्तचाप नियन्त्रणका लागि सेवन गरिने थायजाइड ग्रुपका औषधि इत्यादि) का कारण पनि कतिपयको रगतमा युरिक एसिड बढेको पाइन्छ।

*यस्तो छ युरिक एसिड बाथको उपचार*

अन्य किसिमका बाथ रोगको तुलनामा युरिक एसिडको बाथलाई सजिलै व्यवस्थापन गर्न सकिन्छ। यस्तो बाथलाई व्यवस्थापन गर्नका लागि विशेषज्ञ डाक्टर र बिरामीबीच उचित छलफल, परामर्श र सहकार्य अनिवार्य हुन्छ। छोटो समयका लागि भन्दै डाक्टरको परामर्शविना बिरामीहरूले विविध औषधि सेवन गर्दा रोग झनझन् जटिल हुँदै जाने सम्भावना रहन्छ।

युरिक एसिडको बाथद्वारा पीडित बिरामी उपचारार्थ अस्पताल वा क्लिनिकमा उपस्थित हुँदा रोगको सुरुआत कहिले र कसरी भयो, कति पटक भयो र अन्तिम पटक कहिले बढ्यो भनेर सोधपुछ गरिन्छ। यस्ता बिरामीहरूले प्रायः एक्कासि दुखाइ बढेर त्यसविरुद्धको औषधि सेवन गरेको वा दुखाइ कम गर्ने औषधियुक्त सुई लगाएको बताउने गरेका छन्।

यसरी एक्कासि रोग बढ्नु वा बल्भिनुमा सामान्यतः खानपानकै भूमिका रहने गरेको पाइन्छ। यस्तो अवस्थामा भने खानपान र आहार-बिहार परिवर्तन गर्न नै परामर्श दिइन्छ।

युरिक एसिड घटाउने वा बढाउने खाद्य पदार्थ, तत्काल प्रयोग गरिने औषधि र त्यसको सेवन मात्रालगायत धेरै प्रोटिनयुक्त खाने कुरा सेवनमा नियन्त्रित रहँदा सामान्यतया घट्न सक्ने युरिक एसिडको मात्राबारे पनि बिरामीले डाक्टरसँग राम्ररी जानकारी लिनु पर्दछ।

आहार-बिहार र दैनिक जीवनयापन पद्धतिमा परिमार्जन गर्नेवित्तिकै युरिक एसिडको मात्रा घटिहाल्छ भन्ने ग्यारेन्टी पनि सबैमा नहुन सक्छ। वङ्शाणुगतलगायतका कारणले पनि युरिक एसिड बढाएको हुन सक्छ। त्यसैले विशेषज्ञ डाक्टरको सल्लाहबमोजिम उचित प्रकारका एन्टि-इन्फ्लामेटरी ड्रग्स (नदुख्ने औषधि) र युरिक एसिड लोवरिङ एजेन्ट (युरिक एसिड घटाउने औषधि) प्रयोग गर्नु जरुरी हुन्छ।

जेहोस्, आहार-बिहार र खानपानमा सन्तुलन तथा समुचित व्यायाम गरेमा, प्रशस्त मात्रामा तरल पदार्थ र पानी सेवन गर्ने बानी बसालेमा, शारीरिक तौल नियन्त्रण गरेमा र शङ्का लाग्नासाथ चिकित्सकको परामर्श लिने बानी बसालेमा युरिक एसिडको बाथलाई व्यवस्थापन गरेर सहजै छुट्कारा पाउन सकिन्छ।

*डा. सिग्देल पास्वाविप्र, आरोग्य स्वास्थ्य सदन र जाउलाखेलस्थित नेपाल बाथ रोग उपचार केन्द्रमा कार्यरत छन्।*

## फोटोग्राफी...

आजको महत्वपूर्ण प्रश्न मान्नपर्ने हुन्छ। माथि उल्लेखित प्रसंगले सूचना-सन्देश मूलक फोटोग्राफी (पत्रकारिता) को रूपमा त धेरै नै परिणाममुखी गतिविधि र व्यवसायिकतामै उठेको भए पनि, त्यसैगरी दैनिक जीवन र प्रशासनिक तथा व्यक्ति रेकर्डको लागि व्यवसायिक पेसागत ठाडो सूचना-फोटोग्राफी स्टुडियो व्यापारिक प्रयोजनको रूपमा त निकै चहल-पहल भए पनि लालित्यको अर्थले भाव सिर्जनासँग जोडेर कला फोटोग्राफी सिर्जना गर्न भने कम तयार हुने गरेको छ। यसरी नै सामाजिक प्रगति र परिवर्तनलाई विशेष आत्मासाथ गर्नेगरी देशको जल्दाबल्दा भाव-सन्देश र सामाजिक-सांस्कृतिक उत्पीडन, लैङ्गिक तथा वर्गीय विभेदको प्रश्न साथै राष्ट्रका अन्य पिछडिएका तथा उत्पिडित समुदायमा जागरुकता ल्याउने र मेनस्ट्रिमको प्रगतिपथमा देश बढाउन विधागत समानुपातिक सहभागिता हुने खाले कला फोटोग्राफी रचनाको भने धेरै माग गर्नपर्ने भएको छ। त्यो अर्थमा, यस्ता विचारमुलक छलफलहरूले पनि विशेष उपाय खोजमा निकै नै बल पुऱ्याउन सक्दछ। यसै सवालमा, नेपाल फोटोग्राफी एसोसियसन जस्ता संस्था, ललितकला एकेडेमी, फोटोपत्रकारको क्लब तथा अन्य सरोकारीसँग संस्कृति मन्त्रालय तथा अन्य सरकारी/गैरसरकारी राष्ट्रिय/अन्तर्राष्ट्रिय निकायबीच समन्वयनात्मक पहलमा यस्ता छलफल (डिस्कोर्ष) चलाएर विशेष योजनाको सोचसहित पारस्परिक रूपमा अघि बढ्दा नै हाम्रो जस्तो ललितकला प्रज्ञा-प्रतिष्ठान र ललितकलासँग सम्बन्धित व्यक्ति-व्यक्तित्वको संस्थागत तथा व्यतिगत भूमिका पनि आफ्नो कला सिर्जनासँगै समाज र सभ्यतामा पुस्ता हस्तान्तरण हुँदै जानेक्रममा हाम्रो देशको प्रगति र विकास पनि परिपूरक रूपमा कला-संस्कृतिसँगै समृद्धिमा बढ्दै जान्छ। यो क्रम र अवसरमा हाम्रा जस्ता कला, साहित्य र नाट्य तथा संगीत प्रज्ञा-प्रतिष्ठानहरू पनि संस्थागत रूपले सरकारको मुख्य नेतृत्व र आ-आफ्नै स्वायत्ततामा संचालित छन्। त्यो अर्थले पनि भनौं ! -'हाम्रै सांस्कृतिक सान-हाम्रै कला र पहिचान !' (समाचार दैनिकबाट)

# ऐन, कानुन निर्माण भए पनि कार्यान्वयन हुन नसकेको गुनासो



**काठमाडौं।** प्रदेश सरकारहरूमा केन्द्रिकृत मानसिकताको अन्त्य हुन नसक्दा संविधानले दिएका अधिकार कार्यान्वयन हुन नसकेको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री शशी श्रेष्ठले बताएकी छन्।

संविधानमा व्यवस्था भएका अधिकार कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय सरकारबीच समन्वय आवश्यक रहेको बताएकी हुन्। संघीय, प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्ध बढाउने उद्देश्यले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण विषयगत समितिको काभ्रेको धुलिखेलमा बसेको बैठकमा मन्त्री श्रेष्ठाले अधिकार कार्यान्वयनमा तीनै तहका सरकार प्रतिबद्ध हुनुपर्नेमा जोड दिएकी थिइन्। 'अझै पनि प्रदेश सरकारहरूमा केन्द्रिकृत मानसिकता कायमै रहेकाले संविधानले दिएका अधिकार प्रयोग गर्न केन्द्रको मुख ताक्नुपर्ने अवस्था छ' मन्त्री श्रेष्ठले भनिन्।

तीनै तहका सरकारले संविधानअनुसार धेरै ऐन, कानुन निर्माण गरे पनि सही ढंगबाट अघि बढाउन नसकेको मन्त्री श्रेष्ठको गुनासो थियो 'दृढ इच्छा शक्ति नभएका कारण कार्यान्वयन हुन सकेन्।' मन्त्रालयमा धेरै समस्या रहेको भन्दै ती सबै समाधान हुने खालका रहेकाले आन्तरिक छलफल गरी कार्यक्रम अघि बढाइरहेका मन्त्री श्रेष्ठले बताइन्।

बैठकमा प्रदेश नं १ का भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री ओमप्रकाश सरावगीले आफूसहित चार जनाले मात्रै मन्त्रालयको काम गर्नुपर्ने बाध्यता रहेको बताए- 'मन्त्रालयमा काम गर्न सचिवदेखि तल्लो तहका कर्मचारी छैनन्, मन्त्रालय सञ्चालन गर्न विज्ञ, दक्ष जनशक्तिको पनि व्यवस्थापन हुनुपर्ने हो।'

मधेस प्रदेशका भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री विजयकुमार यादवले संविधानमा उल्लेख भएका अधिकार अझै पनि प्रदेश र स्थानीय तहमा नपुगेको भन्दै स्थानीय सरकारको अनुभूति नपाएको गुनासो गरे। बागमती प्रदेशका भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम पौडेलले प्रदेश सरकारको अधिकार प्रदेश सरकारमा नपुग्दा घर घरसम्म जनताका अधिकार पुऱ्याउन नसकिएको बताए- 'राष्ट्रिय भूमि आयोगले प्रदेशका कार्यक्रम अघि बढाउन मन्त्रालयसँग समन्वय समेत गरेको छैन।'

कर्णाली प्रदेशका भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री चन्द्रबहादुर शाहीले तीनै तहका सरकारले एक अर्कालाई अनुभव आदानप्रदान गरी कार्य सम्पादनमा सहयोगी भूमिका खेल्नुपर्ने बताए- 'तीन तहबीच समन्वयका लागि प्रभावकारी संयन्त्र बनाउनु आवश्यक छ।'

बैठकमा सुदूरपश्चिम प्रदेशका मन्त्री विनिता चौधरीले कानुनमा व्यवस्था हुँदाहुँदै पनि प्रदेश सरकार संघ सरकारसँग आश्रित बनेको गुनासो पोखिन्-'संघले प्रदेश र स्थानीय तहमा दिनुपर्ने अधिकार छिटोभन्दा छिटो हस्तान्तरण गर्नुपर्छ।'

बैठकमा सातै प्रदेशका भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको तर्फबाट हालसम्मको काम तथा देखिएका चुनौतीबारे कार्यपत्र प्रस्तुत गरिएको थियो। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव रामप्रसाद थपलिया, राष्ट्रिय भूमि आयोगका अध्यक्ष केशव निरौला, राष्ट्रिय सहकारी बोर्डका सहअध्यक्ष मित्रराज दवाडी, गुठी संस्थानका गुठी प्रशासक किरण शाक्य, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सहसचिव जनकराज जोशीलगायतका सहभागीहरुले आ-आफ्ना कार्यालयका गतिविधिका बारेमा बैठकलाई जानकारी दिएका थिए।

बैठकमा ६ प्रदेश सरकारका भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री, सचिव, सहसचिव, तथा विभागीय प्रमुख सहभागीता रहेको थियो।

# नाइजेरियामा अन्धाधुन्ध गोली हानी १६ गाउँलेको हत्या

**एजेन्सी।** नाइजेरियाको उत्तरपश्चिमी राज्य जामफारामा अज्ञात बन्दुकधारीले अन्धाधुन्ध गोली चलाउँदा १६ जना सर्वसाधारण गाउँलेको ज्यान गएको छ। अज्ञात बन्दुकधारीले ती गाउँलेमाथि अन्धाधुन्ध गोली हानेको जामफारा प्रहरीले सो घटनाको पुष्टि गरेको हो।

जामफारा राज्यको गनार कियाना भन्ने गाउँमा पुगेर गाउँलेमाथि गोली चलाएका हुँदा ठूलो संख्यामा आएका बन्दुकधारीले गोली प्रहार गरेर उनीहरूको हत्या गरेको र धेरैलाई सख्त घाइते बनाएका छन्। गत आइतबार राति सो गाउँमा ठूलो हिंसा भएको हुँदा ती गाउँलेको कसले र किन हत्या गरेको भन्ने बारेमा भने प्रहरीले केही पनि बोलेको छैन। प्रत्यक्षदर्शीहरूले ती गाउँलेमाथि ठूलो संख्यामा आएका हतियारधारी बन्दुकले हमला गर्दा दर्जनौं गाउँलेलाई घाइते बनाएका छन्।

गाउँमा गएका केही महिनादेखि हिंसाका घटना भइरहेको तर त्यो हत्याको जिम्मेवारी भने कुनै पनि समूहले लिएको छैन। उक्त राज्यका प्रहरी प्रमुखले शान्ति सुरक्षा कायम गर्नका लागि भन्दै सो क्षेत्रको प्रान्तीय सरकारसँग थप सुरक्षाकर्मी माग गरे।


# फोटोग्राफी कला एक माध्यम : ललितकलामा नेपाली भावदृष्टि

ललितकला विज्ञान होइन। त्यसो भए के हो त ! सांस्कृतिक भावको मनोविज्ञानसम्म भन्न मिल्ला ! तर यसमा सामाजिक अर्थराजनैतिक दर्शन र प्राकृतिक-भौगोलिक, जैविक विविधतासहितको मानवीय युग र पर्यावरणीय प्रभावको अनुभुतिजन्य भाव-भाषाको अभिव्यक्ति जो कुनै विषय-वस्तु/घटनाबारे व्यक्तिगत तथा सामूहिक रूपले विशेष आकार-प्रकारको एउटा निश्चित सीप-शैली-पन र माध्यम-साधनले विम्वात्मक स्वरूपको कला झल्कन्छ। र, त्यो शब्दभाव, संगीत/अभिनयभाव, रेखा-रंगीन आकारप्रकारको तथा घनत्वपूर्ण ( मास-भोलममा) र दृश्यात्मक (भिज्यूयल)-भाव आदिमा पनि प्रस्तुतिन्छ। विशेषतः ललितकलाको मान्यता र प्रचलनमा भने (ललितकला प्रज्ञा-प्रतिष्ठान, कला क्याम्पसहरूमा र अन्य कला संघ-संस्थाहरूमा) यस विषयलाई विशेषीकरण गरी चित्र-मूर्ति र वास्तुकलालाई मूलआधार र माध्यम मानेर संस्थागत तथा अन्य व्यवस्थाको प्रावधान रहेको छ। यसैभित्र पारेर अन्य उपविधा र विषयीहरूः परम्परागत/लोक, आधुनिक र अत्याधुनिक शैली र प्रविधिगत तथा विषयवस्तुगत माध्यम र साधन प्रयोग अनुसार छुट्याई त्यसको विशेष परिभाषा गर्ने नयाँ-नयाँ चलन पनि चल्दै जाँदैछ।

प्रचलनले ललितकलामा चित्रकलाको लागि ब्रस-चक्कू, कागज, क्यानभास वा अन्य वस्तु र रंगहरू त्यस्तै मूर्तिकलाको लागि माटो, ढुंगा, काठ, धातु आदि लगायत छिनो, चक्कु, हथौडा, ड्रिल-मेसिन लगायत अन्य औजारहरू र वास्तुकलाको लागि पनि विभिन्न वस्तुहरू तथा प्राकृतिक पदार्थ औजार साथै ज्यामितीय हिसाब-मापन (कम्प्युटर)हरू आदिको माध्यमले त्यसमा सांस्कृतिक भावसहित ललितकलाको स्वरूप झल्काइन्छ। यही क्रममा मूलधारका कलाविधिहरूमा थप्दै अत्याधुनिक प्रविधिको प्रयोग सँगै भिज्यूयल आर्ट (दृश्यात्मक कला)को प्रस्तुतिमा इन्स्टलेसन-पर्फमेन्स आर्ट (प्रतिस्थापन-भावभंगीमा कला) सर्ट भिडियो आर्ट, मल्टिमिडिया-डिजिटल आर्ट भनेजस्तै गरी कला फोटोग्राफीको माध्यम र क्यामेरा तथा कम्प्युटरको साधनबाट पनि ललितकलाको सिर्जना गर्ने अत्याधुनिक प्रचलन सुरु हुँदै आएको छ। यी माथिका पृष्ठ-प्रसंङ्गमा कलाको माध्यम र साधन विविध हुने कुरा प्रस्टै छ तर यी पक्षहरू किन साधना गर्ने, कसरी गर्ने र कस्तो गर्ने ? भन्ने सवालमा सबैको केन्द्रविन्दु मानव समाज र समाजभित्रको मान्छे नै हो। अझ यसभित्र पनि कलाको राष्ट्रिय अर्थले भने नेपाली समाज-संस्कृति नै हो।

माध्यमलाई प्रयोग गरी कला-साधना गर्ने निश्चित सोच परिकल्पना साथै भाव विचार-दर्शनमा पनि निर्दिष्ट हुँदै र नयाँ-नयाँ चरणको प्रयोग र परीक्षण गर्दै स्थापित मान्यतालाई नवीकरण, परिमार्जन र विश्लेषण-संश्लेषणसहित नयाँ सिद्वान्तको प्रतिपादन गर्दै निरन्तर साधनारत रही रहनको लागि युगको बोल, विषयवस्तुको मोल र सर्जकको गोल अनुसारको सिर्जनात्मक जिग्यासु/क्रियाकलापसहित वातावरणीय नवावसरमा सही सिर्जना (प्रतिफल) जो नेपाली हुनाको नाताले आफ्नोपनबाट जाग्दै र लाग्दै विश्वव्यापिकरण गराउन पर्ने हुन्छ। यसैले माथिका अर्थमा आधारित हुँदै हाम्रै समाज-संस्कृतिको विशेष अध्ययन-अनुभव, कला सर्जक र सम्बन्धितको लागि मूल जग-आधारको पाइलट-प्रोजेक्ट बन्नु पर्दछ। मानवीय पर्यावरणको अनुसन्धान, अन्वेषणको प्रभावले अनुभव-अनुभुतिजन्य भावाभिव्यक्तिमा नै खास सिर्जना झल्किन्छ र ती कुरालाई पुष्टि-पोषण गर्न दीग-काल र परिस्थितिको भाव-विचार (दार्शनिक दृष्टिकोण), आधार र सीप-शैली, माध्यम-साधन साथै निश्चित (केन्द्रित) र उत्कृष्ट त्यो साध्यको लागि विशिष्ठ साधना (प्रकृयागत श्रम) नै ललितकलाको पाटा र बाटाहरू हुन्। सर्जक हुन चाहनेले जो-जस्को (जुन विषयवस्तु) जुन भाव, विचारमा जस्तो दृष्टि-दर्शनको जगबाट सिर्जना गर्न खोजिएको हो त्यो विषयी विधाबारे विशेष अध्ययन हुन अनिवार्य हुन्छ। चित्रकला, मूर्तिकला, वास्तुकला लगायत कला फोटोग्राफी जस्ता सबै माध्यम-साधनको लागि पनि विषय विधा किटान/छनौट निश्चित हुनुपर्ने नै हुन्छ। प्रक्रियागत रूपले कला, रचना, सिर्जना गर्दा अपनाइने विधि-पद्वति (टेक्निक-टेक्नोलोजी) वा प्रकृयागत सिद्वान्त अर्को पाटा हो। जस्तो चित्रकलामा विभिन्न पद्धतिगत प्रयोग-रेखा र रंगको मनोवैज्ञानिक स्वभाव (स्पोन्टानियस) प्रयोग, सेड-लाईट र टोनलइफेक्ट, केन्द्रिकरण-सन्तुलन (औपचारिक-अनौपचारिक)/समायोजन, वस्तुको भाव-रस र अलंकारको संयोजन, भावानानुसार रेखा, आकार, रंग र आकारको दृष्टि-दूरान्तरको नियम अवलम्वन गर्दै वस्तुगत रंग र वातावरणीय (रंग/प्रकाशको)को प्रभावलाई समेत चिनेर प्रयोग गरिन्छ। त्यसैगरी, मूर्तिकला र वास्तुकलामा पनि समानुपातिक मास-भोलमको संयोजन र विभिन्न प्रक्रिया, पद्वतिहरू विधा-विशेषका रूपमा हुन्छन्। जसमा पृथ्वीमा सौर्य उर्जाको भर्टिकल-हरिजेन्टल र गुरुत्वाकर्षणको सन्तुलनदेखि अन्य सांस्कृतिक तथा भावसौन्दर्य मापन र प्रभावको सार-स्वरूप र भौतिक-सामाग्रिक संयोजन विधिको प्रविधिगत उपयोग समेत अपनाई त्यसमा वस्तु-विषयलाई सांकेतिक, लाक्षणिक तथा बिम्वात्मक स्वरूपको प्रस्तुति नै गरिन्छ। यहाँ, कला फोटोग्राफीको पनि 'ग्रामर अफ आर्ट फटोग्राफी' मा विषयवस्तु/घटनाको चयनदेखि लाइट-स्पीड र दूरी , एङ्गल-फ्रेम/भर्टिकल-हरिजेन्टल, स्पेस र फोकस-व्यालेन्स, कलर र टेक्चर (ब्याकग्राउन), लगायतको कम्प्यूटर-सेटिङ्ग/इडिटिङ्गसहितका अन्य प्रस्तुतिगत विधिलाई पनि त्यही अनुसार उपयोग गरी लालित्यमा केन्द्रिकृत समायोजन गरिन्छ। त्यो अर्थले नै क्यामेरा-कम्प्युटर आदि डिजिटल प्रविधीलाई पनि एउटा निश्चित प्रक्रियामा ललितकलाको माध्यम बनाई कुनै पनि विषयवस्तुमा बिम्वदृष्टि सहितको कला खोजिन्छ। जुन सूचना-सन्देशको लागि भन्दा भाव-रसिक र सम्प्रेषणीय एक फोटोमा दृश्यकला प्रस्तुति हुन सकोस्। फोटोको लागि निश्चित र निर्दिष्ट छनौटको विषय-वस्तु/विधामा कुन आशय-भावको अर्थ-अलंकार-सम्प्रेषण, संकेत, बिम्विकरण गर्न खोजिएको हो। त्यो सापेक्षित रूपले आफ्नोपनमा देखाउन/दर्शाउन बढी सक्नु नै मौलिक नवनमुना-कलासिर्जना मान्न सकिन्छ। अतः उक्त सोच/परिकल्पनाले भित्रीहृदय (दिलैबाट)को सहजतामा निस्किने सुविचारिक भावसन्देश सम्प्रेषण नै सिर्जनाको मूल प्रतिफल पनि हो। त्यो अर्थमा सर्जकले आफूलाई कुनै पनि विषयवस्तु प्रयोग गरी कला आस्वादीसँग मनभोगको कलासम्भोग नै गर्दछ।

अतः उन्मुक्ति संसारको 'उम्म् !' मा समाधी भर्दछ र त्यही- 'आहा ! क्या मज्जा ‼' सँगै नवसिर्जना सर्दछ। नेपाली समाज-संस्कृतिको ललितकला र त्यसमा कला फोटोग्राफीको सम्बन्ध केलाउँदा हाम्रो देश विशेषतः प्राकृतिक-सांस्कृतिक समाज हुँदै आजभोली विश्वगाउँ-समाजमा प्रवेश हुँदैछ। त्यसैले हाम्रो सांस्कृति स्थानीय परम्परागत तथा समुदायगत समलोक-पद्वतिको सञ्चालनबाट लोकाधुनिक स्वरूप हुँदै आएको र विश्वपरिवेशलाई अत्याधुनिक जस्केलोबाट चिहाएको अवस्था छ। यहीँनेर हामी बहुल संस्कृतिले ललितकलाको सन्दर्भ जोडी संस्थागत रूपमा आधुनिक प्रक्रियाद्वारा विभिन्न विधा/उपविधागत कला माध्यम र औजार-साधनको पनि प्रविधिगत प्रयोग विधि समेत अपनाउने प्रयास गरी उठ्दैछौं। यो अर्थले मुलधार (मेनस्ट्रिम) फोटोग्राफी माध्यमको प्रविधिगत प्रयोग, विश्वमा १९औं शताब्दिमै भए पनि हाम्रोमा राणाकालको पछिल्लो अवधिभन्दा अगाडि खास प्रयोग आएको पाइन्न। जसरी अन्य कलाका विधामा मूर्तिकला, वास्तुकला र चित्रकलाको सुरु परापूर्वकालदेखि नै वा किरातकालदेखि नै (मूर्ति) प्रचलन चलिआएको पाइन्छ। राणाहरूको युरोप भ्रमण तथा आधुनिक प्रेस-प्रविधिको विकास र राजनैतिक इतिहाससम्म राजा-महाराजा र नेतृत्व वर्गको प्रचार-प्रसार र विशेष सोखको रेकर्ड गर्ने साथै वैदेशिक पर्यटकहरू र अन्य जिज्ञासुहरूले अन्य विषयको अनुसन्धान गर्ने क्रममा नै यो क्यामरा-प्रविधि नेपालमा २००७ सालपछि विशेष भित्रिँदै आएको पाइन्छ। यस्ता प्रविधिको भौत्तिक प्रयोग परिवर्तित समाजमा स्वभावतः भए पनि हाम्रो देशको राजनैतिक नेतृत्व माहोलको सापेक्षता मै ललितकलाका विभिन्न माध्यम र साधनहरू पनि प्रयोग हुँदै आएको पाइन्छ तर जुनबेला विश्वमा क्यामेरा प्रविधिका खास प्रचलन नआइसकेको अवस्थामा चित्रकार, मूर्तिकार, वास्तुकारले कलामा रेखा-रङ ब्रसकै मुख्य भूमिका धेरै क्षेत्रमा लिएर आफ्ना गतिविधि र क्रियाकलापसहितको कलासिर्जना गर्न सकेका थिए तरपछि क्यामेरा प्रविधिमा फोटोग्राफीको उत्पादन (मासप्रोडक्सन) ले सिर्जनालाई प्राविधिक प्रभाव परेको हुँदा कलाकारले विभिन्न वादहरू आफ्ना कलामा प्रयोग र विकास-विस्तार गरेको पाइन्छ भने मूलधारको फोटोग्राफी (व्यवसायिकता)को प्रचुर र विविध प्रयोगसँगै कम्प्युटर प्रविधिको उच्च प्रयोग र विस्तारको अर्थले मनोनोटस भएको मानव मनोविज्ञानलाई समेट्ने गरी पुनः फोटोग्राफीलाई पनि नयाँ माध्यम र क्यामरालाई साधन बनाएर कलाकारले ललितकलामा समेत सदुपयोग गरी आफ्ना सिर्जना प्रस्तुत गरेयता आजकल फोटोग्राफीमा पनि लालित्य भाव-सम्प्रेषणीय क्षेत्र हुन सक्छ भनी कला फटोग्राफीमा यसलाई विशेषीकरण गर्ने गरिएको छ।



**फोटोग्राफी/प्रविधि**

**नारदमणि हार्तम्छाली 'कलाङ'**

हाम्रो देशमा ललितकलाको प्रयोग र अभ्यास बढी एकातिर परम्परागत रुढीग्रस्त, संकुचित पारामा अझै जकडिएको छ भने अर्कोतिर प्रयोग-परीक्षणको नाममा अराजक-मनोमानी र एकाढंगी रूपले व्यक्तिवादी प्रवृतिको प्रचलन छ। हुन त समाज हो ! गतिशिलतामा भने यसलाई द्वन्द्वात्मक रूपले नै हेर्नुपर्दछ। यही क्रममा केही प्रयास राष्ट्रिय आवश्यकतामा केन्द्रित भई युग सापेक्षतामा कलाबोल बोल्न प्रयास गर्ने खालका कलाकृतिहरू पनि सिर्जना भएको तथा हुने केही वातावरण बने अनुसारका सिर्जना र केही थप थोर-बहुत प्रयासहरू पनि हुन थाल्दै छन। त्यही अनुकूल कला फोटोग्राफीको प्राविधिक पद्धति र टेक्निकमा पनि सापेक्षित विकास हुँदैछ। तर अबको प्रयास यो माध्यमबाट पनि नेपाली समाज, सांस्कृतिक युगिन लालित्यसहित सिर्जना गर्न राष्ट्रिय प्राथमिक आवश्यकताको क्षेत्रगत विषयवस्तु र घटनालाई विशेष उठाएर नेपाली समाज कलाकेद्रमा राखी सिर्जना गर्नु

क्रमशः दोस्रो पृष्ठमा



# 'दुई महिनाभित्रै सम्पूर्ण सेवाग्राहीले सवारीचालक अनुमतिपत्र पाउने'

**काठमाडौं ।** यसअघि सवारी चालक अनुमतिपत्र परीक्षाका लागि फर्म भरेका सेवाग्राहीलाई दुई महिनामा सबैको परीक्षा लिइ सक्ने योजना बनाइएको छ । यसअघि फारम भरेका झन्डै पाँच लाख ७२ हजारका लागि परीक्षा सञ्चालन हुने भएको हो ।

यातायात व्यवस्था कार्यालयले अनुमतिपत्रको परीक्षा सञ्चालन गर्न बाँकी रहेकामा पहिले यातायात व्यवस्था विभागले नयाँ अनुमतिपत्रका लागि अनलाइन फारम स्थगित गरेको छ । फारम भरेका सेवाग्राहीकै लामो समयसम्म पालो नआएकाले नयाँ फारम तत्कालका लागि नखुलाइएको विभागका प्रवक्ता डा लोकनाथ भुसालले जानकारी दिए । उनका अनुसार आगामी जेठ १६ गतेसम्म सबै अनुमतिपत्रको छपाइ सकिनेछ । सबै कार्यालयसँगको सल्लाहमा अहिलेका लागि फारम भर्न रोकिएको पनि उनले जानकारी दिए । 'कार्यालयको क्षमताभन्दा सेवाग्राहीको चाप बढी भएकाले व्यवस्थापन गर्न गाह्रो भएको छ' उनले भने ।

संविधानअनुसार तीन तहका सरकारको अधिकार क्षेत्र तोकिँदा यातायात क्षेत्र तीनै तहको साझा अधिकार क्षेत्रमा परेको छ । एक स्थानीय तहभित्र चल्ने सवारीसाधनको व्यवस्थापनको जिम्मेवारी पालिका, दुई वा त्योभन्दा बढी पालिकामा चल्नेको प्रदेश र अन्तरप्रदेश चल्ने सवारी साधनको व्यवस्थापनको जिम्मेवारी संघीय सरकारको हुने उल्लेख छ । फरक सरकारबीच समन्वय नहुँदा समय समयमा सेवाग्राहीले समस्या भोग्दै आएका छन् ।

# सञ्चारकर्मीहरू नै हिंसापीडित, डटेर प्रतिकार गर्ने प्रतिबद्धता व्यक्त

**काठमाडौं ।** पत्रकारहरूले कार्यक्षेत्रमा भोग्ने गरेको विभिन्न खाले हिंसाको खुल्ला रूपमै डटेर प्रतिकार गर्नुपर्नेमा एकमत भएका छन् । कार्यस्थलमा हुने हिंसालाई खुलेर प्रतिवाद गर्ने प्रतिबद्धता व्यक्त गर्ने एड्भोकेसी ग्रुप र सोलिडारिटी सेन्टरको संयुक्त रूपमा झापाको बिर्तामोडमा आयोजित कार्यक्रममा सहभागी सञ्चारकर्मीहरूले कार्यस्थलमा हुने हिंसाप्रति डटेर प्रतिवाद गर्ने बताएका हुन् ।

आफूहरूले कार्यस्थलमा विभिन्न प्रकारका हिंसा भोग्दै आएको र अब यसलाई प्रतिवाद गर्ने भन्दै कार्यक्रममा सहभागी पत्रकारहरूले पुरुषको तुलनामा महिलामाथि बढी हिंसा हुने गरेको पनि बताए ।

नारी सञ्चारगृह झापाका अध्यक्ष भीमा शिवाकोटीले हिंसामा पुरुष पत्रकारको तुलनामा महिला पत्रकार बढी पर्ने गरेको चर्चा गर्दै भनिन्- 'हिंसा महसुस हुनसाथ डटेर प्रतिवाद गर्नुपर्छ । स्वयं व्यक्तिले नै आँट र आत्मविश्वास बढाउनुपर्छ, खुलेर विरोध गर्न सक्नुपर्छ अनि मात्र हिंसाबाट बच्न सकिन्छ ।'

सरकारकै उपल्लो तहमा रहेका व्यक्तिहरूबाट महिला पत्रकार मात्र नभई पुरुष पत्रकारहरूले समेत हिंसा भोग्नु परिरहेको पत्रकार सन्तोष न्यौपाने, शिशिर चम्लागाईं, नरेन्द्र ढकाल र पुष्प खड्काले सुनाए । कुट्नु, पिट्नु र शारीरिक दुर्व्यवहार गर्नु मात्र हिंसा नभएको धारण व्यक्त गर्दै उनीहरुले मिडिया हाउसले काम गरेको पारिश्रमिक नदिनु, महत्वपूर्ण विषयको रिर्पोटिङका क्रममा सरकारी निकायका उपल्लो तहका व्यक्तिले भनाइ दिन आलटाल गर्नु पनि कार्यस्थलको हिंसा भएको बताए ।

हिंसाका बारेमा खुलेर बोल्न सक्दा मात्र हिंसा निरुत्साहित हुने पत्रकार इन्दु पूर्वेलीले विचार थियो । महिलाको पहिचान स्वीकार्न नसक्ने जान्ने, बुझ्ने व्यक्तिहरूबाट नै कार्यस्थलमा बढी हिंसा हुने गरेको लीला अनमोल र माया मितुलगायतका वक्ताहरूले बताए ।

कार्यस्थलमा हुने हिंसा न्यूनीकरणका लागि प्रशस्त छलफल, अन्तरक्रिया र मिडिया हाउसले स्वयं आचारसंहिता बनाएर लागू गर्न आवश्यक रहेको कार्यक्रमका सहभागीहरूको निष्कर्ष थियो ।

# मौसमको प्रतिकूलताका कारण हवाइ सेवा प्रभावित

**काठमाडौं ।** खराब मौसमका कारण भिजिबिलिटी कमजोर हुन पुग्दा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने उडानमा प्रभाव परेको छ ।

मौसम खराबीका कारण 'भिजिबिलिटी' कमजोर हुँदा विमानस्थलको पूर्वनिर्धारित उडान झण्डै ४५ मिनेट 'डिले' भइरहेको विमानस्थलका महाप्रबन्धक प्रेमनाथ ठाकुरले जानकारी दिए । ठाकुरका अनुसार विमानस्थलको करिब तीन हजार मात्रै भिजिबिलिटी हुँदा 'भिएफआर' उडान हुनसकेको छैन ।

विमानस्थलमा 'आइएफआर' उडानमात्रै भइरहेकाले अहिले हरेक घण्टा १२ मात्रै उडान भइरहेको छ । सामान्य अवस्थामा प्रतिघण्टा ३० उडान हुने गरेको थियो । देशमा पश्चिमी न्यूनचापीय प्रणालीको सामान्य प्रभाव परेकाले मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

काठमाडौं उपत्यकाको आकाशमा क्षणिक बदली रहेको छ । यतिबेला पहाडी र हिमाली भू-भागमा आंशिकदेखि सामान्य बदली रही अन्य भेगमा मौसम सामान्यतया सफा रहेको छ । प्रदेश नं १ बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशको पहाडी भेगका केही स्थानमा मेघगर्जन/चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको छ ।

यसअघि बिहान अन्तर्राष्ट्रिय विमानस्थलको सञ्चार उपकरणमा समस्या आएपछि करिब एक घण्टा उडान प्रभावित भएको थियो । विमानस्थलको उडान अवतरण प्रभावित भएपछि नोटाम जारी गरिएको थियो ।

महाप्रबन्धक ठाकुरले राडारमा सामान्य समस्या आएकाले करिब एक घण्टा उडान प्रभावित भए पनि विमानस्थलका प्राविधिकले तत्कालै मर्मतपछि अहिले उडान सामान्य अवस्थामा रहेको छ ।

# माओवादी केन्द्र कर्णालीका प्रमुख सचेतक विष्ट निलम्बित

**काठमाडौं ।** नेकपा (माओवादी केन्द्र)ले कर्णाली प्रदेशसभा दलका प्रमुख सचेतक ठम्मर विष्टलाई पदमुक्त गरेको छ । प्रदेशसभा सदस्य पदबाट राजीनामा बुझाएपछि प्रदेशसभा दलका नेता तथा पूर्वमुख्यमन्त्री महेन्द्रबहादुर शाहीको अध्यक्षतामा फागुन ३ गते बसेको बैठकले उनलाई राजीनामा फिर्ता लिएर नियमित कार्यमा क्रियाशील हुन दिएको निर्देशनलाई विष्टले अवज्ञा गर्दै आएका थिए ।

दलका नेता शाहीले एक प्रेस वक्तव्य जारी गर्दै प्रमुख सचेतक विष्टले पार्टीको विधान विपरीत निरन्तर अभिव्यक्ति दिनुका साथै निर्देशनको अवज्ञा गरेकाले पार्टीको सदस्यबाट निलम्बन गरिएको जानकारी दिइएको हो ।

प्रमुख सचेतक विष्टले फागुन २७ गते इमेलमार्फत प्रदेशसभा सदस्यबाट राजीनामा बुझाएका थिए । नेपालको संविधानको धारा, १८० (क) बमोजिम प्रदेशसभा सभामुख सक्षम राजीनामा दिएका विष्टले चैत ४ गते सदस्य पद छाडेको सनाखत गरेपछि सभामुख राजबहादुर शाहीले उनको राजीनामा स्वीकृत गरेका थिए ।

प्रदेशसभा सचिवालयले विष्टको राजीनामा स्वीकृत र माओवादी केन्द्रको निलम्बनको सूचनासँगै सो पद रिक्त भएको उल्लेख गरेको छ ।

# घरबाट विद्यालय जान निस्केका दुई किशोर सम्पर्कविहीन

**काठमाडौं ।** बागलुङ जिल्लास्थित काठेखोला-७ रेशका दुई किशोर आइतबारदेखि घर नफर्किएपछि परिवारले खोजीदिन आग्रह गरेका छन् ।

एउटै गाउँ रेशुन्थलाका रामबहादुर थापाका १५ वर्षीय छोरा विष्णु थापा र लोर्के थापाका १६ वर्षीय छोरा उनका साथी आशिष थापा चैत ६ गते बिहान १० बजेदेखि बेपत्ता बनेका हुन् ।

स्थानीय रेशुन्थला माध्यमिक विद्यालयको कक्षा ८ मा अध्ययनरत ती दुई किशोर घरबाट विद्यालयको लागि निस्किए पनि विद्यालयमा नआएको प्रधानाध्यापक ओमबहादुर थापाले जानकारी दिए । आइतबार बिहान घरबाट विद्यालय हिँडेका किशोर विद्यालय नपुगी सम्पर्कविहीन भएकाले उनीहरूलाई कसैले देखेमा नजिकैको प्रहरी कार्यालय अथवा अभिभावकसँग सम्पर्क गर्न आफन्तले अनुरोध गरेका छन् ।

जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी निरीक्षक विजय भण्डारीले परिवारले किशोरहरूलाई खोजीदिनका लागि जिप्रकाका जानकारी गराएपछि सबै प्रहरी एकाइलाई सो विवरण पठाइएको जानकारी दिए ।

# आंशिक बदलीसहित हल्का वर्षाको सम्भावना

**काठमाडौं ।** पश्चिमी न्यून चापीय प्रणालीको प्रभावले मुलुकभरका उच्चपहाडी क्षेत्रमा हल्का वर्षाको सम्भावना रहेको छ ।

जल तथा मौसम पूर्वानुमान महाशाखाले हिमाली तथा उच्चपहाडी क्षेत्रमा आंशिकदेखि सामान्य बदली भई मेघ गर्जन र चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको जानकारी दिएको हो ।

पश्चिमी न्यून चापीय प्रणालीको प्रभावले प्रदेश नं. १, बागमती, गण्डकी र कर्णाली प्रदेशका पहाडी क्षेत्रका केही स्थानमा मेघ गर्जन, चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको महाशाखाले बताएको छ ।

विभागले तापक्रम बढिरहेकाले गर्मीका कारण हुनसक्ने असरबाट बच्न एवं पहाडी भू-भागका केही स्थानमा मेघगर्जन, चट्याङले पार्नसक्ने प्रभावबाट सतर्कता अपनाउन अनुरोध गरेको छ ।

मार्च, अप्रिल र मे गरी तीन महिना प्रि-मनसुन अवधिभर दिनभर घाम लाग्ने र साँझपख पहाडी भू-भागमा हावाहुरी मेघगर्जन तथा चट्याङसहित फाटफुट वर्षा हुने पनि मौसम पूर्वानुमान महाशाखाले बताएको छ ।

# युक्रेनका राष्ट्रपति र बेलायतका प्रधानमन्त्रीबीच फोनवार्ता

**काठमाडौं ।** युक्रेनका राष्ट्रपति भोलोदोमिर जेलेन्स्की र बेलायतका प्रधानमन्त्री बोरिस जोनसनबीच फोनवार्ता भएको छ ।

उनले आफूले बेलायतका प्रधानमन्त्री बोरिस जोन्सनसँग फोनमा कुराकानी गरेको बुधबार युक्रेनी मिडियाहरूलाई जानकारी दिएको उल्लेख गरिएको छ ।

जेलेन्स्कीले बुधबार बताएअनुसार 'हामीले बेलायतका प्रधानमन्त्रीसँग कुराकानी गरेका छौं र यतिखेर युक्रेनमाथि भएको रुसी हमलाका विरुद्धमा आवश्यक सहयोगका बारेमा हामीले छलफल गरेका छौं ।'

युक्रेनका राष्ट्रपति जेलिन्स्कीले आफूले बिहीबार हुनलागेको ग्रुप अफ-७ को बैठक अगाडि नै बेलायतले युक्रेनलाई केही सहयोग गर्ने विषयमा बेलायती प्रधानमन्त्री जोनसनले जानकारी गराएका बताए । यसअघि नै बेलायतका प्रधानमन्त्री जोनसनले पनि युक्रेनलाई आवश्यक सहयोग उपलब्ध गराउन विश्व समुदायलाई आग्रह गरेका थिए ।

उनले ट्वीट गरेर युक्रेनलाई बचाउनका लागि विश्वसमुदायले उसलाई सैन्य सहयोग उपलब्ध गराउनु आवश्यक रहेको प्रधानमन्त्री जोनसनले विश्वसमुदायलाई आग्रह गरेका थिए ।

# त्रिविको व्यवस्थापन सुधार्न मन्त्री भुसालको आग्रह



**काठमाडौं ।** ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री पम्फा भुसालले ऐतिहासिक विरासत बोकेको त्रिभुवन विश्वविद्यालयमा चुनौती चुलिँदै गएको बताइन् । नेपाल राष्ट्रिय कर्मचारी संगठन, त्रिभुवन विश्वविद्यालय केन्द्रीय समितिको चौथो राष्ट्रिय अधिवेशन उद्घाटन गर्दै मन्त्री भुसालले विश्वविद्यालयसम्बद्ध पक्षले गहन समीक्षा गरेर उत्पन्न चुनौतीलाई व्यवस्थापन गर्नेतर्फ लाग्न आग्रह गरेकी हुन् ।

व्यक्तिले खोलेका शिक्षण संस्थाले नाफा कमाउने र त्यस्ता संस्थामा विद्यार्थीको भीड हुने तर त्रिभुवन विश्वविद्यालयका कुनै संकायमा विद्यार्थीभन्दा शिक्षक बढी हुने अवस्था कसरी आयो भन्दै मन्त्री भुसालले व्यवस्थापन, प्रशासन र प्राध्यापन तीनै क्षेत्रले जवाफ दिने अवस्था आएको बताए । 'एकले अर्कोलाई देखाउनेभन्दा पनि समस्या समाधान कसरी गर्ने भन्ने विषयमा विशेष ध्यान जानुपर्छ' मन्त्री भुसालले थपिन् ।

जनताको छोराछोरी तिरेको शुल्क र जनताले तिरको करबाट चल्ने संस्थाले आफ्नो जिम्मेवारी भुल्न नहुने भन्दै मन्त्री भुसालले साधन र स्रोतलाई सही तवरले सञ्चालन तथा व्यवस्थापन गरेर फाइदा लिनुपर्ने निर्देशन दिँदै मन्त्री भुसालको थपिन्- 'भिसी र रेक्टरकोमा ताला लागेको ६८ दिन भयो रे, एक दिन पनि विलम्ब नगरी समस्याको समाधान खोज्नुहोस् ।' अधिकांश सार्वजनिक क्षेत्रका जनशक्ति त्रिविकै रहेको भन्दै उनले देशको विकासका निम्ति आवश्यक पर्ने जनशक्ति उत्पादनमा त्रिभुवन विश्वविद्यालयको महत्वपूर्ण योगदान रहेको धारणा व्यक्त गरिन् ।

कार्यक्रममा त्रिविका शिक्षाध्यक्ष शिव भुसालले समग्र शैक्षिक सुधारका लागि पनि यस विश्वविद्यालयमा सुधार हुनुपर्नेमा जोड दिए । 'त्रिविले शैक्षिक गुणस्तरको नेतृत्व गर्नुपर्छ, त्यसका लागि निरन्तर काम गर्नुपर्छ' शिक्षाध्यक्ष भुसालको भनाइ थियो ।

# सबैका लागि जितका आधारमा गठबन्धनमा तालमेल हुन्छ : अध्यक्ष नेपाल



**धनुषा ।** नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले गठबन्धनभित्र 'विन-विन'को सिद्धान्तका आधारमा चुनावी तालमेल हुने बताएका छन् ।

जनकपुर आयोजित पत्रकार सम्मेलनमा बोल्दै अध्यक्ष नेपालले गठबन्धनमा रहेका दलबीच 'विन-विन'को सिद्धान्तका आधारमा चुनावी तालमेल हुने कुराकानी भइरहेको उल्लेख गरेका हुन् । गठबन्धनमा सहभागी सबै दलको उचित मर्यादा, सम्मान र स्थान दिएर तालमेल गर्ने विषयमा आफूहरू इमान्दार रहेको बताउँदै गठबन्धनभित्र विचारमा विविधता देखिए पनि स्थानीय तहको निर्वाचनमा तालमेल गर्ने विषयमा कुनै विवाद नरहेको उल्लेख गरे । गठबन्धनभित्र सिट बाँडफाँटको विषयमा छलफल जारी रहेको पनि अध्यक्ष नेपालले बताए ।

'गठबन्धनको अवस्था के हुन्छ भन्ने चिन्ता गर्ने पार्टी हाम्रो होइन्', उनले थपे 'हरेक पार्टी आ-आफ्नो शक्ति र सामर्थ्यका आधारमा चुनाव लड्न तयार छ, हुनु पनि पर्छ ।' उनले आवश्यकता पर्‍यो भन्ने 'विन विन' का आधारमा सबै दलको उचित मर्यादा, सम्मान र स्थान दिएर तालमेल गरेर जान तयार रहेको बताए ।

अध्यक्ष नेपालले वर्तमान गठबन्धन सरकारले नै तीनै तहको निर्वाचन सम्पन्न गर्ने उल्लेख गर्दै सरकारका केही मन्त्री फेरिए पनि गठबन्धन सरकारमा कुनै खासै परिवर्तन नहुने बताए । आफ्नो पार्टीप्रति जनताको दिनदिनै आकर्षण बढ्दै गएकाले आगामी स्थानीय तहको निर्वाचनमा धेरै स्थानमा जित्ने बताउँदै उनले नेता-कार्यकर्तामा देखिएको उत्साहले पार्टीको भविष्य उज्जवल रहेको टिप्पणी गरे ।

# कसरी जितिन्छ चुनाव ? पैसा नभए उम्मेदवार बन्नै गाह्रो

● रमेश लम्साल

निर्वाचन कसरी जितिन्छ ? पैसाको बलमा वा एजेन्डाको लोकप्रियताले ? यतिबेला मात्र होइन, प्रायः सधैं निर्वाचनका बेलामा उठ्ने प्रश्न वा सुरु हुने बहस हो यो । आसन्न स्थानीय तहको निर्वाचनका बेला अहिले आमनेपालीले पनि यही प्रश्न गरिरहेका छन् । तर बहस सिद्धान्त वा एजेण्डामुखी छैन बरु पैसामुखी छ ।

आम मतदातामा सुरु भएको यो बहसलाई देशका आमसञ्चारले पनि सतहमा ल्याइदिएका छन् । तिनै सञ्चारका सामग्रीमाथि तर्कवितर्क गरिरहेका छन्, आममतदाता । अनि सबैको एउटै मत छ, बहस निर्वाचनमा पैसाको नभई उम्मेदवार, उसका विगतका काम तथा त्यो उम्मेदवार संलग्न राजनीतिक पार्टीका सिद्धान्त र एजेन्डमा हुनुपर्छ ।

यो त बहसको विषय र मिडियाको समग्रीको कुरा न भयो त । तर आर्थिक स्रोत नहुनेले निर्वाचनमा प्रतिस्पर्धा गर्न सक्ने अवस्था भने छैन । त्यसैले यतिखेर लाग्दैछ, सम्भावित उम्मेदवारहरू निर्वाचनमा रकम खर्च सक्ने आफ्नो हैसियत आफैं मनन गरेर टिकटका लागि लाग्दैछन् भने सम्बद्ध पार्टी पनि उम्मेदवारको हैसियत तौलिने अवस्थामा नपुग्ला भन्न सकिँदैन । आगामी वैशाख ३० गतेका लागि स्थानीय तहको निर्वाचनको मतदान घोषणा भइसकेको छ । यसको तयारी निर्वाचन आयोगले युद्धस्तरमा गरिरहेको छ । राजनीतिक दलहरू निर्वाचन केन्द्रित कार्यक्रममा व्यस्त छन् । दलका नेता तथा कार्यकर्ता आफ्ना क्षेत्र तथा गाउँ पसिसकेका छन् ।

सरकारका तर्फबाट अगाडि बढाउने काम कारबाही पनि उत्तिकै गतिमा अगाडि बढिरहेको छ । तर निर्वाचनसँग जोडिएर आउने खर्चको विषयमा भने परम्पर विरोधी मत देखापरेको छ । आयोगले केही दिनपहिले सार्वजनिक गरेको उम्मेदवारको खर्चका सम्बन्धमा केही राजनीतिक दलले असाध्यै कम भएको प्रतिक्रिया दिएका छन् भने केहीले हाल तय भएको खर्च सीमा नै बढी भएको बताएका छन् ।

सार्वजनिक खपतका लागि खर्चको सीमा बढी भएको बताइए पनि निर्वाचनमा तोकिएभन्दा असाध्यै धेरै पैसाको प्रयोग भएको तथ्य कोही कसैबाट छिपेको छैन । आयोगमा बुझाइने विवरण र वास्तविक रूपमा भएको खर्चको हिसाब आकाश जमिन बराबरको छ । मधेस प्रदेशको एक स्थानीय तहको प्रमुखमा विजयी उम्मेदवारले झन्डै पाँच करोड रूपैयाँ बराबरको खर्च गरेको र त्यो खर्च उठाउनु आफ्नो बाध्यता भएको बताएका थिए । यसबाट भ्रष्टाचार थप संस्थागत भएको र जसरी पनि पैसा कमाउनुपर्छ भन्ने मान्यताको विकास भएको छ ।

चुनाव सुरु भएपछि पनि घरमा खाना खाने हो र ? भन्ने मान्यतासमेत मतदातामा विकास भएको पाइन्छ । पार्टी कार्यकर्तामा पनि निर्वाचनको समयमा नखाए कहिले खाने भन्ने मान्यता संस्थागत भएको पाइन्छ ।

**आयोगले तोकेको खर्च**

आयोगले आगामी स्थानीय तहको निर्वाचनको उम्मेदवारका लागि खर्चको सीमा तय गरेको छ । महानगरको प्रमुख तथा उपप्रमुखले सात लाख ५० हजार रुपैयाँसम्म खर्च गर्न पाउनेछन् । वडाध्यक्ष र सदस्यले रु तीन लाख बराबरको खर्च गर्न पाउँछन् । उपमहानगरका प्रमुख र उपप्रमुखले पाँच लाख ५० हजार, वडाध्यक्ष र सदस्यले दुई लाख ५० हजार, नगरपालिकाका प्रमुख र उपप्रमुखले चार लाख ५० हजार, वडाध्यक्ष र सदस्यले दुई लाख, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षको उम्मेदवारले  तीन लाख ५० हजार, वडाध्यक्ष र सदस्यले रु एक लाख ५० हजार रुपैयाँ बराबर मात्रै खर्च गर्न पाउँछन् ।

जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुखले ५० हजार र सदस्यले २५ हजार बराबरको खर्च गर्न पाउँदा कार्यपालिकाका सदस्यले २५ हजार रुपैयाँ बराबर मात्रै निर्वाचन प्रयोजनका लागि खर्च गर्न पाउँछन् । आयोगले तोकेको यो सीमाभित्र निर्वाचनको कार्यक्रम सम्पन्न गर्न तथा गराउन उम्मेदवारले सक्लान् ? आम मानिसमा प्रश्न छ । सचेत समुदायमा प्रश्न छ ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका पूर्वसचिव माधव पौडेलले भन्नुभयो, 'निर्वाचनको समयमा उम्मेदवारले गर्ने खर्चको सीमा आयोगले तोकेभन्दा असाध्यै धेरै रहेको भन्ने जनगुनासो विगतदेखि नै आएको हो ।' पछिल्लो समय स्थानीय, प्रदेश, राष्ट्रियसभा र प्रतिनिधिसभाको निर्वाचनमा दलहरूको व्यापक खर्च बढेको गुनासो आइरहेको भन्दै उहाँले त्यस्तो खर्चले सुशासनमा असर गरेको बताउनुभयो । यो लोकतान्त्रिक प्रणाली र कानुनी शासनका लागि चिन्ताजनक विषय बन्न पुगेको पूर्वमन्त्रीसमेत रहनुभएका पौडेलको भनाइ छ ।

राजनीतिक दल  र तिनका उम्मेदवारले निर्वाचनको समयमा गर्ने खर्च पारदर्शी हुनुपर्ने भए पनि त्यसो नभएको तथा न्यूनतम रकम तोकिए पनि त्यसको कार्यान्वयन हुन सकेको छैन । राजनीतिक दललाई कुनै पनि व्यक्तिले चन्दा दिन्छन् भने त्यो बैंकिङ प्रणालीमार्फत हुनुपर्छ । २५ हजार रुपैयाँभन्दा माथिको चन्दा वा सहयोग त अनिवार्यरूपमा चेकमार्फत नै गर्नुपर्ने कानुनी व्यवस्था छ ।

एक लाख रुपैयाँ भन्दा माथि चन्दा वा सहयोग दिने व्यक्तिको नाम वा ठेगाना सार्वजनिक गर्नुपर्छ नै । सरकारी निकाय, नागरिकको समेत लगानी रहेको सार्वजनिक कम्पनीले राजनीतिक दललाई चन्दा दिन पाउँदैनन् ।

पूर्वसचिव पौडेलका विचारमा के कति हदसम्म चन्दा वा सहयोग दिने भन्ने बारेमा अधिकतम सीमासमेत तोक्नु आवश्यक छ । आयोगले तोकेको खर्चको सीमा पनि बैंकिङ प्रणालीमार्फत गराउन सकेको खण्डमा सकारात्मक सुरुआत हुन जाने पूर्वसचिव पौडेलको भनाइ छ । निर्वाचनको समयमा अत्यधिक मात्रामा खर्च गर्ने उम्मेदवार विजयी भएको खण्डमा भ्रष्टाचार झनै संस्थागत भएर जाने नेपालकै अनुभवले पनि देखाएको छ । भ्रष्टाचारमा सार्वजनिक, निजी क्षेत्र र राजनीतिक दल जोडिने गरेको राष्ट्रिय तथा अन्तरराष्ट्रिय अनुभवले देखाएको छ । त्यो निर्वाचनमा अभिव्यक्त हुने गरेको छ ।

अमेरिकाको प्रसङ्ग हेर्ने हो भने रक्षासँग जोडिएको ठेक्कापट्टामा कर्मचारी, ठेकेदार र राजनीतिक नेतृत्व जोडिएको तथ्य सार्वजनिक भएको थियो ।

**यस्तो छ भारत र बङ्गलादेशमा**

केही समयपहिले भारतका विभिन्न पाँच राज्यको विधानसभाको निर्वाचन सम्पन्न भयो । भारतीय निर्वाचन आयोगले सन् २०१४ को तुलनामा सन् २०२२ मा उम्मेदवारले गर्ने खर्चको सीमा भारी वृद्धि गरिदिएको थियो । विधानसभाको निर्वाचनमा सहभागी हुने उम्मेदवारले ४० लाख भारतीय रूपैयाँसम्म खर्च गर्न पाउने व्यवस्था गरिएको छ ।

यस्तै, लोकसभा सदस्यको उम्मेदवारले सन् २०१४ मा ७० लाख भारतीय रूपैयाँसम्म खर्च गर्न पाउँथे भने अब ९५ लाख भारुसम्मको सीमा तय गरिएको छ । तर त्यो सीमाभित्र रहेर खर्च गर्ने उम्मेदवार फेला पार्न नसकिएको भारतीय सञ्चारमाध्यमहरूले टिप्पणी गरेका छन् ।

निर्वाचन लागेपछि दैनिक तीन पटक नै उम्मेदवारको खर्चमा खाना वा अन्य प्रयोजनका लागि खर्च गर्नुपर्छ भन्ने मान्यता भारतमा समेत विस्तारित भएको छ ।

बङ्गलादेशमा उम्मेदवारले १५ लाखदेखि २५ लाख टाकासम्म खर्च गर्ने गरेको पाइएको छ । ट्रान्सपरेन्सी इन्टरनेशन बङ्गलादेशका अनुसार अदृश्य स्रोतबाट प्राप्त भएको पैसासमेत निर्वाचनको दौरानमा खर्च भएको देखिन्छ । जबकि त्यहाँको कानुनअनुसार प्रतिमतदाता १० टाकासम्म मात्र खर्च गर्न पाइन्छ । त्यो पनि निर्वाचनको कामका लागि मात्र । जस्तै मतदाता शिक्षा, निर्वाचन अभियान आदि ।

**कसरी घट्छ खर्च ?**

निर्वाचनको समयमा हुने अत्यधिक खर्च  नियन्त्रण गर्ने विषयमा नै सरोकार भएका निकायको ध्यान जानुपर्छ । पूर्वसचिव पौडेलका अनुसार  राजनीतिक दललाई सहयोग गर्ने व्यक्तिले पनि बैंकिङ प्रणाली र चेकबाट सहयोग गर्नुपर्छ । उहाँले भन्नुभयो, 'दलको पहिलो प्राथमिकता खर्च कसरी न्यूनीकरण गर्न सकिन्छ भन्नेमा ध्यान दिनुपर्छ ।'

निर्वाचनमा उम्मेदवारले गर्ने खर्च तोकिएको भए पनि त्यसलाई कार्यान्वयन गराउन आयोग सफल हुन सकेको छैन । उहाँका अनुसार राजनीतिक दलले खर्च गर्न कोष खडा गर्नुपर्छ । निर्वाचनको समयमा उम्मेदवारले गर्ने खर्चले दीर्घकालसम्म असर पर्ने भएकाले नियन्त्रण गर्नुपर्छ ।

आयोगलाई निर्वाचनमा दलले आचारसंहिता पालना गरेको नगरेको हेर्न नियम पालकअधिकारी खटाउने व्यवस्था गर्नुपर्ने सुझाव पनि आएको छ । पूर्वसचिव पौडेलले उम्मेदवार, राजनीतिक दलले निर्वाचनसँग जोडिएका सबै सर्त पूरा गरेको भनेर स्वघोषणा गर्ने, परिपालना अधिकृत नियुक्त गर्ने, नागरिक स्तरमा पनि संयन्त्र विकास गर्न सुझाव दिनुभयो । पैसा खर्च गरेको भरमा मात्रै निर्वाचन जित्न सक्दैन भन्ने मान्यता विकास नहुँदासम्म खर्चको होडबाजी चलिरहने संविधानविद् डा विपीन अधिकारीको भनाइ छ ।

उहाँले राजनीतिक दललाई सहयोग गर्नेले बैंकिङ प्रणाली अवलम्बन गर्न अपनाउन सुझाव दिए । उनले चुनावको समयमा मतदातालाई प्रभाव पार्न ठूलो रकम खर्च हुने गरेको दृष्टान्त सुनाए । मतदातालाई प्रभाव पार्न विभिन्न प्रोपोगान्डा हुने भएकाले त्यस्ता गतिविधिलाई पूर्ण रूपमा निरुत्साहित गर्नुपर्नेमा जोड दिँदै डा अधिकारीले पैसाको नियन्त्रण नहुँदासम्म लोकतन्त्रसमेत विस्तारित हुन नसक्ने बताउनुभयो ।

राजनीतिक दल वा उम्मेदवारले कहाँबाट र कसरी खर्च गर्छन् त्यसको लेखाजोखा मतदाता र सञ्चारमाध्यमले राख्नुपर्ने सुझाव दिँदै डा अधिकारीले कानुनको दायरामा ल्याउन पहल गर्नुपर्ने बताउनुभयो ।

**नयाँ मोटर किन्ने होडबाजी रोकौं**

निर्वाचनको घोषणा भएपछि आयोगले सधैं जसो नयाँ सवारी साधन खरिद गर्ने गरेको प्रसङ्गमा डा अधिकारीले विकल्प खोज्न सुझाव दिनुभयो । निर्वाचन प्रयोजनका लागि काठमाडौं उपत्यकामा रहेका निजी सवारी साधन भाडामा लिन सक्ने वा ट्र्याक्सीलाई पनि उपयोग गर्न सकिने विकल्प रहेको उहाँको भनाइ छ । 'कसरी खर्च घटाउन सकिन्छ भन्ने बारेमा आयोगले पनि ध्यान दिनुपर्छ । सधैं नयाँ सवारी साधन नै खरिद गर्नुपर्छ भन्ने मान्यता छाड्दा राम्रो हुन्छ', उहाँले भन्नुभयो ।

मतपेटिका अत्यावश्यक भएकाले त्यसको खरिद गर्नुपर्ने भए पनि नयाँ मोटर नै खोज्न नहुने उहाँको भनाइ छ ।

निर्वाचन आम जनताको पहुँचभन्दा बाहिर गएकाले त्यस्ता उम्मेदवार, राजनीतिक दललाई अस्वीकार गर्न सक्ने वातावरण बनाइए भ्रष्टाचारको अन्त्य र सदाचारको युग सुरु हुने उहाँको भनाइ छ । (रासस)

# सहिद स्मारक 'बी' डिभिजन लिगमा आरसीटी विजयी

**काठमााडौं ।** सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा आयोजित सहिद स्मारक 'बी' डिभिजन फुटबल लिग फुटबल प्रतियोगिताअन्तर्गत प्रतियोगितामा रानीपोखरी कर्नर टिम (आरसिटी) ले जित हात पारेको छ ।

अखिल नेपाल फुटबल संघको कम्प्लेक्समा आयोजित उक्त प्रतियोगितामा सामाजिक युथ क्लवलाई ३-० गोलअन्तरले पराजित गर्दै आरसिटी विजयी भएको हो ।

प्रज्ज्वल गुरुङले दुईसहित विश्वास थापा मगरको एक गोल गर्दै आरसिटीलाई जित दिलाएको हो । विश्वासले खेलको पाँचौं मिनेटमा गोल गर्दै आरसिटीलाई पहिलो अग्रता दिलाए ।

खेलको २०औं र २४औं मिनेटमा प्रज्ज्वलले व्यक्तिगत दुई गोल गरे । जितसँगै आरसिटीले आठ खेलबाट १२ अंक जोड्दै अंक तालिकाको चौथो स्थानमा उक्लिएको छ । सामाजिक युथ क्लब पनि आठ खेलबाट सात अंक जोड्दै अंकतालिकाको नवौं स्थानमा यथावत रहेको छ ।

# पहिरोका कारण सयौं घरधुरी जोखिममा

**महोत्तरी ।** चरम प्राकृतिक दोहनका कारण जिल्लास्थित उत्तरवर्ती बर्दिबास नगरपालिका- १० को खयरमारामा भीषण पहिरो जाँदा झन्डै सयौं घरधुरी जोखिममा परेका छन् ।

खयरमाराको चुरे पहाडमा बस्ती नजिकैको तीनतले क्षेत्रबाट भीषण पहिरो खस्दा त्यहाँका झन्डै दुई सय घरधुरीका बासिन्दा त्रसित बनेका हुन् । स्थानीयवासी इसारा लामाले मध्यरातसम्म साना- साना पहिरो र रातको दुई बजे ठूला-ठूला र अहिले त्यसको दोस्रो दिन दिउँसोसम्ममा भीषण पहिरो आएपछि त्यस आसपासका दुई सय घरधुरी बासिन्दामा त्रास बढेको छ ।

तीनतलेबाट झरेको पहिराले खयरमाराको खोला छोपिएपछि छोड्के, पिपलदमा, गुरुङखोला, चनौटे, गर्दीखोला, भाङ्गरे झ्याउरे र खयरमाराको मुख्य बजार नै जोखिममा परेको स्थानीयवासीले बताए । पहिरोका कारण खयरमाराको भित्री बस्तीमा सडक अवरुद्ध हुँदा स्थानीयवासी खोलाबाटै हिँड्डुल गर्ने गरिएकामा खोला समेत पुरेपछि खयरमाराबाट बर्दिबास आवत-जावत गर्ने बाटो बन्द भएको छ ।

वर्षायाम लाग्नुभन्दा तीन/चार महिनाअघि नै झरेको बेमौसमी पहिराको डरमा परेका स्थानीयलाई वर्षायाम कल्पना मात्रैले पनि पिरोल्न थालेको छ ।

# विद्यालय सम्पर्क कार्यक्रम सञ्चालन गर्दै बैतडी प्रहरी

**काठमाडौं ।** समुदाय प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत बैतडी प्रहरीले 'विद्यालय सम्पर्क' कार्यक्रम सञ्चाल गरी जनचेतना जगाउने कार्य गरिरहेको छ ।  सामाजमा हुने विकृतिहरूलाई न्यूनीकरण गर्ने उद्देश्यका साथ विद्यालय सम्पर्क कार्यक्रम सञ्चालनमा ल्याइएको प्रहरीले जनाए ।

इलाका प्रहरी कार्यालय पाटनका प्रहरी निरीक्षक राजेश शाहीका अनुसार कार्यक्रमअन्तर्गत जिल्लास्थित पाटन नगरपालिकाका स्थानीय विद्यालयहरूमा पुगेर सचेता दिन थालिएको हो । पाटन नगरपालिकासँगको सहकार्यमा नगर क्षेत्रभित्रका विद्यालयहरूमा विद्यार्थीहरूलाई विभिन्न कुराका बारेमा जानकारी दिन थालिएको छ । 'कार्यक्रमअन्तर्गत समाजमा हुने विभिन्न विकृतिहरूलाई न्यूनीकरण गर्न विद्यालयमा गएर कक्षा ९ देखि १२ सम्म विद्यार्थीहरूलाई सचेतना दिन थालेका हौं ।'

सामाजिक सञ्जालको गलत प्रयोग र कानुनी व्यवस्था, लागूऔषध दुर्व्यसनी रोकथाम, लैंगिक तथा घरेलु हिंसा, आत्महत्या, बालविवाह, सामाजिक अपराध रोकथाम, ठगीका घटना लगायतका विषयमा छलफल गरिएको पनि प्रहरीले जानकारी दिएको छ । 'विद्यालयमै पुगेर किशोर-किशोरीसँग गरिने अन्तरक्रियाले समाजमा हुने विभिन्न विकृतिहरूलाई न्यूनीकरणका साथै हिंसाका घटनामा कमी  हुने विश्वास छ' प्रहरी निरीक्षक शाहीले भने ।

पाटनका  १० वटै वडाका एक/एक विद्यालयमा अन्तरक्रिया गर्ने कार्यतालिकाअनुसार  अहिले सम्म वडा नं २, ३, ४ ७ र १० कार्यक्रम सम्पन्न भइसकेको र अन्य वडाहरूमा समेत कार्यक्रम सञ्चालन हुने तयारीमा रहेको इलाका प्रहरी कार्यालय पाटनले उल्लेख गरेको छ ।

# युक्रेनबाट ३५ लाख मानिस विस्थापित : राष्ट्रसंघ

**काठमाडौं ।** रूस-युक्रेन युद्ध सुरु भएयता युक्रेनबाट झन्डै ३५ लाख मानिस विस्थापित भएका छन् । राष्ट्रसंघीय निकायले केही दिनअघि सार्वजनिक गरेको प्रतिवेदनमा विस्थापित अधिकांश मानिस छिमेकी मुलुकहरूमा शरण लिइरहेको उल्लेख गरेका छन् ।

युद्धकै कारण अन्य करिब एक करोड नागरिकहरू आन्तरिक रूपमा विस्थापित भएर युक्रेन भित्रकै एक ठाउँबाट अर्को ठाउँमा गएर लुकेको पाइएको छ । संयुक्त राष्ट्रसंघको शरणाथीसम्बन्धी निकाय यूएनएचसीआरले ३४ लाख ८९ हजार ६४४ युक्रेनी नागरिक विस्थापित भएको उल्लेख गरेको हो ।

गत फेब्रुअरी २४ देखि चलेको रूस-युक्रेन युद्धकै क्रममा दुई देशबीच थुप्रै पटक संवाद भए पनि त्यो परिणाममुखी भने हुन सकेको छैन । 'पछिल्लो झन्डै चार हप्ता विश्वको ध्यान युक्रेनतर्फ केन्द्रित भएको छ, यसलाई चिन्ताको विषयको रूपमा लिइएको छ' यूएनएचसीआरका प्रमुख फिलिप्पो ग्रान्डीले भने ।

## बैशाखी...

निर्वाचन तोकिएको मितिमै हुन्छ, सम्पूर्ण रूपले निर्वाचन प्रक्रियामा सामेल हुन र तयारीमा लाग्न सबैमा म अपिल गर्दछु' भन्दै पत्रकार सम्मेलनबीच उनले कार्यकर्तालाई निर्देशन दिए ।

स्थानीय तहको निर्वाचनलाई लक्ष्य गरेर माओवादीले प्रदेशस्तरमा कार्यकर्ता प्रशिक्षण कार्यक्रम अघि बढाएको चर्चा गर्दै अध्यक्ष दाहालले निर्वाचनको तयारीमा जुट्न कार्यकर्तालाई निर्देशन दिए ।

## जनयुद्धका...

प्रगतिशील आन्दोलनमा सहिद भएकाको परिवारलाई मासिक जीवन निर्वाह भत्ता उपलब्ध गराउने पूरक बजेटको व्यवस्थालाई कार्यविधि बनाई यथाशीघ्र कार्यान्वयन गर्न अध्यक्ष दाहालले प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका थिए ।

छलफलका क्रममा अध्यक्ष दाहालले जनयुद्धका क्रममा जेल जीवनयापन गरी यातना पीडित भएका व्यक्तिलाई सम्मान पत्रसहित राहत उपलब्ध गराउन पनि आग्रह गरेका थिए ।

सोही क्रममा प्रधानमन्त्रीले जनयुद्धका सहित तथा बेपत्ता परिवार, घाइते तथा अपाङ्गता भएका व्यक्तिको व्यवस्थापन शान्ति प्रक्रियाकै अभिन्न अंग हुनाका साथै राज्यको कर्तव्य भएको उल्लेख गर्दै उक्त समस्या समाधान गर्न सरकार सकारात्मक रहेको बताएको अध्यक्ष दाहालको सचिवालयले उल्लेख गरेको छ ।

यसअघि अध्यक्ष दाहालले वीरअस्पताल पुगेर काभ्रेपलाञ्चोकको महाभारत गाउँपालिका-६ का पूर्वजनमुक्ति सेनाका सेक्सन कमाण्डर भक्त रानालाई भेट गरी उनको स्वास्थ्य अवस्थाको जानकारी लिएका थिए ।

तत्कालीन द्वन्द्वका समयमा मकवानपुरको भुरुभुरेमा भएको दोहोरो भिडन्तमा घाइते भएका राना शान्ति प्रक्रियापछि वाइसीएलको जिम्मवारी सम्हाल्दै आएका थिए । भीडन्तका क्रममा टाउकामा लागेको चोट बल्झिएपछि उनको खुट्टामा इन्फेक्सन देखिएको र त्यसका कारण दुवै खुट्टा शल्यक्रिया गरेर फाल्नुपरेको अस्पतालले जनाएको छ ।

रानालाई स्वास्थ्यस्थिति बुझ्न वीर पुगेका अध्यक्ष दाहालले पार्टी र सरकारका तर्फबाट आगामी दिनमा उपचारका लागि पहल तथा व्यवस्थामा कुनै कमी हुन नदिने, बच्चाको पढाइ र पत्नीको रोजगारीका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । यसै मेसोमा त्यहाँ उपचाररत अन्य बिरामीको स्वास्थ्य अवस्थाबारे समेत अध्यक्ष दाहालले जानकारी लिएका थिए ।

वीरमै उपचाररत गोरखा फुजेलका तिलराम देवकोटा (सहिद परिवार) लगायत अन्य बिरामीसँग भेट गरी स्वास्थ्य स्थितिबारे जानकारी लिएका थिए ।

यसैबीच बिरामी आफन्तले चिकित्सक ड्युटीमा नबस्ने, प्राइभेट अस्पताल रेफर गर्ने, एमआरआई मेसिन बिग्रेको भनेर निजी प्रयोगशालामा पठाउने, अस्पताल फार्मेसीले उपलब्ध गराउने भनेको निःशुल्क औषधि नपाइने, महंगो औषधि निःशुल्क नभएको, शल्यक्रिया उपकरणमा चर्को दलाली हुनेजस्ता दर्जनौं गुनासाहरू अध्यक्ष दाहालसँग पोखेका थिए ।

# लेटाङ घटनाका दोषीलाई कानुनी दायरामा ल्याउन आग्रह




**काठमाडौं ।** मोरङस्थित लेटाङमा महिला प्रहरीको ज्यान जानेगरी भएको घटनाका दोषीलाई कानुनी दायरामा ल्याउन राष्ट्रिय मानवअधिकार आयोगले आग्रह गरेको छ । आयोगका प्रवक्ता डा टीकाराम पोखरेलद्वारा जारी विज्ञप्तिमा प्रभावकारी अनुसन्धान मार्फत पहिचान गरी दोषीलाई कानुनी दायरामा ल्याउन, घाइतेको निःशुल्क स्वास्थ्योपचार गर्न आग्रह गरिएको छ ।

स्थानीय 'बालिकामाथि भएको भनिएको दुर्व्यवहारको घटनाको निष्पक्ष र प्रभावकारी अनुसन्धान गरी दोषीलाई कानुनी दायरामा ल्याउन र मृतकका परिवारलाई उचित राहत र क्षतिपूर्ति उपलब्ध गराउन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ' सोही विज्ञप्तिमा उल्लेख गरिएको छ- 'भविष्यमा यस प्रकारका घटना हुन नदिन सचेत र संवेदनशील हुन आयोग सम्बद्ध सबै पक्षलाई अनुरोध गर्दछ ।'

मोरङको लेटाङस्थित शिक्षा विकास माविमा अध्ययनरत एक बालिकालाई सोही विद्यालयका शिक्षकले दुर्व्यवहार गरेको भनिएको घटनाको विषयमा आक्रोशित स्थानीयले आरोपिलाई पक्राउ गर्न गएको प्रहरी टोलीमाथि चैत ४ गते आक्रमण गर्दा प्रहरी जवान उर्मिला श्रेष्ठको ज्यान गएको थियो ।

आयोगको प्रदेश नं १ कार्यालय विराटनगरको टोलीले घटनाको स्थलगत अनुगमन समेत गरेको बताएको छ ।

# सिद्दीकीका अभिभावकद्वारा अन्तर्राष्ट्रिय अदालतमा तालिबानविरूद्ध मुद्दा दायर

काठमाडौं । अफगानिस्तान द्वन्द्वलाई रिपोर्टिङ गर्ने क्रममा हत्या गरिएका अन्तर्राष्ट्रिय पुलित्जर पुरस्कार विजेता भारतीय फोटो पत्रकार डेनिस सिद्दीकीको परिवारले उनको मृत्युको छानबिन गर्न अन्तर्राष्ट्रिय फौजदारी अदालतमा उजुरी दर्ता गरेको छ ।

उनीहरूले सिद्दिकीको हत्यामा संलग्न तालिबानका नेता तथा उच्चस्तरका कमाण्डरलगायत जिम्मेवार व्यक्तिहरूलाई कानुनी सजायको माग गर्दै निवेदन दिएका हुन् । '१६ जुलाई २०२१ मा तालिबानद्वारा यातना दिएर मारिएका पुलित्जर विजेता फोटो-पत्रकार सिद्दीकीका आमाबाबु प्राध्यापक अख्तर सिद्दीकी र श्रीमती शाहिदा अख्तरले पत्रकार छोराको हत्याको छानबिन गर्न र तालिबानका नेता तथा उच्चस्तरीय कमाण्डरलगायत जिम्मेवार व्यक्तिहरूलाई कानुनी कठघरामा उभ्याउन अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी) अभियोजन कर्ता समक्ष उजुरी दर्ता गराएका हुन् । निवेदन अन्तर्राष्ट्रिय फौजदारी कानुनमा राम्रो अनुभव भएका नयाँ दिल्लीस्थित सिसेरो च्याम्बर्सका अधिवक्त अवि सिंहमार्फत दायर गरिएको हो ।

परिवारको प्रनिधित्व गर्दै सिंहले भर्चुअल पत्रकार सम्मेलनमा डेनिस सिद्दीकीको परिवारले औपचारिक उजुरी दर्ता गराएको बताए । '१६ जुलाई २०२१ मा भारतीय फोटो पत्रकार डेनिस सिद्दीकीलाई अवैध रूपमा तालिबान समूहद्वारा पक्राउ गरियो, यातना दिइयो, अंगभंग गरियो र हत्या गरिएको थियो' अधिवक्ता सिंहले बताए ।

उक्त घटना अफगानिस्तानमा पृथक घटना नभएको बताउँदै पत्रकारलगायत सर्वसाधारणमाथि आक्रमण गर्नेसँग सम्बन्धित थुप्रै घटना भएको उनले बताए । पीडित परिवारका अनुसार सिद्दीकी तत्कालीन सरकार विरोधी तालिबान फौजको हातबाट मानवता र युद्ध अपराधको सिकार भएका थिए । ३८ वर्षीय सिद्दीकी भारतमा रोयटर्सका मुख्य फोटोग्राफर रहेका थिए ।

अफगानिस्तानमा भएको हिंसालाई समेट्ने क्रममा कान्दहार प्रान्तको स्पिन बोल्डक जिल्लामा उनको मृत्यु भएको थियो ।

डेनिस सिद्दीकी आमा शाहिदा अख्तरले 'हाम्रो प्यारो छोरा डेनिसलाई आफ्नो पत्रकारीताको कर्तव्य पूरा गर्ने क्रममा पक्राउ गरी बर्बर यातना दिई मारिएको थियो । उनी काममा सधैं इमानदारी र निष्ठाको पक्षमा खडा हुने साहसी व्यक्ति थिए' भनेकी छिन् ।

अन्तर्राष्ट्रिय फौजदारी अदालतले अफगानिस्तानमा मानवताविरूद्धका अपराध र युद्ध अपराधलगायत अन्तर्राष्ट्रिय अपराधका विषयमा अनुसन्धान गरिरहेको छ । अफगानिस्तान सरकारले रोमको कानुनलाई मान्यता दिएपछि यस मुद्दाको अधिकार छ ।

'कुनै पनि अपराधलाई सजायबिना छुटकारा दिनुहुँदैन । तालिबानले डेनिसलाई निशाना लगाएर मारे किनभने उनी पत्रकार र एक भारतीय थिए । यो एउटा अन्तरराष्ट्रिय अपराध हो । अफगानिस्तानमा कानुनी शासनको अभाव रहेकोले आईसीसीले डेनिसको हत्याका अपराधीहरूको अनुसन्धान र अन्तर्राष्ट्रिय कानुनको अभ्यास गर्ने अधिकार छ' सिद्दीकीका वकिल सिंहले भने ।

'हामी आशा गर्छौं विश्वले द्वन्द्व क्षेत्रबाट रिपोर्टिङका क्रममा पत्रकारहरूले सामना गर्ने चरम चुनौतीहरू र खतराहरूलाई पनि ध्यान दिनेछ । हाम्रो छोरो फर्केर आउने छैन, तर कुनै दिन न्याय गरिदिने आशामा हाम्रो निवेदनले हाम्रो दुःख कम गर्नेछ' डेनिसका बाबुले भने ।

# जुवातासका खाल बन्द भएपछि महिला–पुरूष दुवै काममा : आम्दानी समेत वृद्धि

**म्याग्दी ।** दिनभर जुवातास र मदिरामा भुलेर पत्नीसँग झगडामा मात्रै गर्ने पुरुषहरुले घरायसी काममा सघाउँन थालेपछि म्याग्दीका महिलनहरु दंग परेका छन् । जिल्लास्थित धवलागिरि गाउँपालिका-१ गुर्जामा जुवातास बन्द गरिएपछि महिलालाई राहत मिलेको हो । जुवातास खेलेर समय बिताउने युवा र प्रौढ पुरुष घरायसी, आयआर्जन र विकास आयोजनामा संलग्न हुन थालेका थालेपछि महिलाहरुलाई सहज भएको छ ।

स्थानीय सीता छन्त्याल जुवातास बन्द भएपछि महिलालाई राहत मिलेको सुनाइन्- 'जुवातास र मदिरामा भुल्ने पुरुष घरायसी र आम्दानी हुने काममा संलग्न हुन थालेपछि घरमा झगडा हुने क्रम घटेको छ । श्रीमान् श्रीमती सँगसँगै काम गरेर आम्दानी गर्न थालेका छन् । सामाजिक सद्भाव र शान्ति कायममा मद्दत पुगेको छ ।'

समाज सुधार र परिवर्तनका लागि वडा कार्यालय, आमा समूह र युवा क्लबको पहलमा गुर्जामा जुवातास बन्द र मदिरा सेवनका लागि समय तोकिएको थियो । दुई सय ६५ परिवार बस्दै आएको गुर्जामा बिहान ५ देखि साँझ ६ बजेसम्म मदिरा सेवन गर्न रोक लगाइएको छ ।

विसं २०७४ देखि जुवातास बन्द गरिएको थियो । गाउँमा दैनिक आठ/दशवटा खाल बनाएर पुरुष तास खेलेर समय बिताउँदा सामाजिक समस्या देखिएपछि जुवातास बन्द गर्ने निर्णय लिइएको वडाध्यक्ष झकबहादुर छन्त्यालले बताए ।


'जुवातास बन्द गराउँदा केही व्यक्ति आक्रमण गर्न आए' उनले भने- 'अहिले धेरैले बुझेका छन् । समाजिक सुधारमा सहयोग पुगेको छ । घरायसी झगडा र विवाद घटेको छ ।" जुवातासमा भुल्नेहरू अहिले विकास आयोजनामा मजदुरी, खेती किसानी, जडीबुटी सङ्कलन र घरायसी काममा महिलालाई सघाउन थालेका छन् ।

महिलालाई घरायसी कामको बोझ घटेको पुर्माकुमारी विकले बताइन् । आम्दानी हुन थालेपछि घरव्यवहार चलाउन सहज भएको उनको भनाइ छ । यसअघि विकास आयोजनामा श्रमदान र ज्यालामा काम गर्ने महिलाको संख्या अत्यधिक थियो । हाल फुर्सद भएका सबैले काम गर्छन् । खेतबारी र घरायसी काममा श्रीमान-श्रीमती सँगसँगै हुन्छन् ।

विकाससँगै रोजगारी र आम्दानीको अवसर मिलेको इन्द्रबहादुर छन्त्यालले बताए- 'ज्येष्ठ नागरिक र विद्यालय जाने बालबालिकाबाहेक सबै काममा हिंड्छौं । दुई वर्ष पहिला दुई करोडभन्दा बढी रुपैयाँको बजेटका योजना आउँदा हरेक घरमा एक लाखभन्दा बढी भित्रिएको थियो ।

हभौगोलिकरूपमा विकट गुर्जाका बासिन्दाले यसअघिको दुई आर्थिक वर्षमा गल, घन, कुटो, कोदालो, बाउसो, बेल्चालगायत उपकरण प्रयोग गरी दुई किलोमिटर सडक खनेका थिए । (रासस)

# आईसीसी पुरूष विश्वकप क्रिकेटमा नेपाल विजयी




**काठमाडौं ।** युनाइटेड अरब इमिरेटस (युएई) को दुबईस्थित क्रिकेट र गशालामा सम्पन्न आइसिसी पुरुष विश्वकप क्रिकेट लिग-दुईअन्तर्गतको त्रिकोणात्मक एकदिवसीय सिरिजमा नेपालले पपुवा न्यूगिनीलाई पराजित गर को छ । खेलमा नेपालले पपुवा न्यूगिनीलाई सात विकेटले पराजित गरेको हो ।

खेलमा १७४ रनको लक्ष्य नेपालले ३७ ओभरमा ३ विकेट गुमाएर पूरा गऱ्यो । नेपालको जितमा आरिफ शेखले सर्वाधिक ५९ रनको योगदान दिए । उनले १०२ बल खेल्दै चार चौका प्रहार गरे । यस्तै कुशल भुर्तेलले ५० रनको योगदान दिए भने रोहितकुमार पौडेलले ४४ रन जोडे ।

बलिङतर्फ पपुवा न्यूगिनीका चार्ल्स अमिनीले दुई र काबुआ मोरेले एक विकेट हात पारे । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको पपुवा न्यूगिनीले निर्धारित ५० ओभरमा ८ विकेट गुमाउँदै १७३ रन जोडेको थियो । उसका लागि कप्तान असाद भालाले सर्वाधिक ४५ रनको योगदान गरे भने लेगा सियाकाले २० तथा सेसे वाउले १९ रन जोडे ।

बलिङतर्फ नेपालका लागि कप्तान सन्दीप लामिछाने र सोमपाल कामीले दुई/दुई तथा करण केसी, आरिफ शेख, दीपेन्द्रसिंह ऐरी र पवन सर्राफले एक-एक विकेट लिए । नेपालले यसअघि पहिलो खेलमा पपुवा न्यूगिनीलाई दुई विकेटले हराएको थियो । यस्तै युएई विरुद्धको पहिलो र तेस्रो खेलमा नेपाल क्रमश : ४८ रन र ९९ रनले पराजित भएको थियो ।

## आगलागीबाट सावधानी अपनाऔं

**निम्न कारणबाट आगलागी हुन सक्छ,**

- आगोको प्रयोगमा होसियारी नअपनाउँदा,
- प्रज्वलनशील वस्तुको उचित प्रयोग नगर्दा,
- हुरी–बतास चल्दा,
- प्रयोगपछि आगोको उचित व्यवस्थापनमा लापरबाही गर्दा,
- चटयाङ पर्दा तथा बिजुलीका तार सर्ट हुँदा ।

**त्यसैले सचेत रहौं, आगलागीबाट बचौं र बचाऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम)** [९८४९६००२०९] बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने** [९८४६५२८५०२]
**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं